# KALIKA POWER COMPANY LTD

विशेष साधारण सभाको निर्णय पुस्तिका

**कालिका पावर कम्पनी लिमिटेड**
**भरतपुर महानगरपालिका वडा नं.-१०, चितवन**
**फोन: ०५६-५२०४५६, फ्याक्स: ०५६-५२००५६**
Email: info@kalikagroup.com,www.kalikapower.com.np

# कालिका पावर कम्पनि लिमिटेड
## को
## बिषेश साधारण सभाको निर्णय
## (Minute)

**१. सभाको वैधानिकता**

कम्पनी ऐन २०६३ र कम्पनीको स्वीकृत नियमावली बमोजिम कालिका पावर कम्पनि लिमिटेडको विशेष साधारण सभा कम्पनी सञ्चालक समितिको अध्यक्ष श्री पार्वती पाण्डेज्यूको अध्यक्षतामा २०८० साल आश्विन १३ गते शनिबार बिहानको ११:०० बजे भरतपुर, चितवनमा शुरु भई दिनको २:०० बजे सु सम्पन्न भयो । बिशेष साधारण सभाका लागि तोकिएको निम्न अनुसारको बिषय सूचिहरुमा छलफल भई निम्न अनुसार निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय**

मिति :- २०८०/०६/१३ गते शनिबार

स्थान :- कम्पनीको मुख्य कार्यालय, भरतपुर चितवन ।

समय :- बिहान ११ बजे ।

**३. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको जानकारीको लागि आर्थिक अभियान दैनिक, पत्रीकामा मिति २०८०।०५।२९ गते र मिति २०८०।०६।०९ गते २ पटक सार्वजनिक सूचना प्रकाशन गरिएको थियो ।

**४. छलफल गरिने प्रस्तावहरु (एजेण्डाहरु):**

क. विशेष प्रस्ताव:

१. कम्पनीको नियमावलीको नियम २७ (२) संसोधन गर्ने ।

२. अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३. विविध ।

५. उपस्थिति

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | पार्वती पाण्डे | संचालक अध्यक्ष (संस्थापक समुह) |
| २. | युवबहादुर क्षेत्री | संचालक सदस्य (संस्थापक समुह) |
| ३. | ठाकुर प्रसाद ढकाल | संचालक सदस्य (संस्थापक समुह) |
| ४. | भुपराज काफ्ले | संचालक सदस्य (सर्वसाधारण समुह) |
| ५. | सिताराम श्रेष्ठ | संचालक सदस्य (सर्वसाधारण समुह) |

**५.२. शेयरधनीहरुको उपस्थिति**

१. संचालक/शेयरधनीको संख्या: ५ जना शेयर संख्या: ९६९५१६ थान शेयर

२. स्वयम् उपस्थित हुने संस्थापक शेयरधनीको १२ जना शेयर संख्या : ९७३६८६ थान शेयर

३. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या :१२ जना ४५,६३,३०७ थान,

४. जम्मा उपस्थित संख्या :२९ जना, ५५३६९९३ थान

५. उपस्थित प्रतिशत : ६९.७८ प्रतिशत

**६.गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

कम्पनीका ६९.७८ प्रतिशत शेयरधनी महानुभावहरु सभामा उपस्थित रहनु भएकाले कम्पनी ऐन २०६३ वमोजिम कम्पनीको सभा संचालन गर्न आवश्यक गणपूरक संख्या पुगेको छ ।

**७. सभाको वैधानिकता र सभाको अध्यक्षता**

७.१ कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम यस सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बांडफांड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको बिषेश साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २९ जना भएको र कुल शेयरको ६९.७८ प्रतिशत प्रतिनिधित्व भएको हुंदा आजको साधारण सभाको अध्यक्षज्युले बिषेश साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ कम्पनीको साधारण सभाको अध्यक्षता संचालक अध्यक्ष श्री पार्वती पाण्डेज्यूको अध्यक्षतामा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका अध्यक्षज्यूले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरु, तथा शेयरधनीज्युहरुका प्रतिनिधिलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित सञ्चालकहरुको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो ।

**८. बिषेश साधारण सभाको प्रस्तुती :**

१. सभाका अध्यक्षज्युले उपस्थित सबै शेयरधनी महानूभावहरु, उपस्थित पर्यवेक्षकहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार नियमावलीको नियम संसोधन सम्वन्धी प्रस्ताव अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

कालिका पावर कम्पनी लि. KALIKA POWER COMPANY LTD.

**९. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु**

९.१ कम्पनीको नियमावलीको नियम संसोधन सम्वन्धि प्रस्तावको सम्वन्धमा आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम**

१. श्री उमाकान्त पौडेल
२. श्री राजु गुरुङ्ग
३. श्री प्रविण थपलिया

**१०. छलफलमा सहभागी हुने संचालक तथा शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य :**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम कम्पनी, संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । कम्पनीको संचालक समितिद्धारा प्रस्तुत गरिएको नियमावलीको नियम संसोधन सम्वन्धमा माथि टिका टिप्पणी गर्दै कम्पनीवाट भए गरिएको कार्यहरुको मूल्याङकन गरि राम्रा कामको सरहाना तथा देखिएका कमी कमजोरीहरु औंल्याउनु भयो । कम्पनीको हितका लागी आफ्नो तर्फवाट सुझाबहरु प्रस्तुत गर्नु भयो । कम्पनीसंग संलग्न सवै पक्षलाई धन्यवाद दिनु भयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

तल उल्लेखित शेयरधनी महानुभावहरुलेछलफलको क्रममा देहाय बमोजिमको धन्यवाद तथा सराहना, सुझाव, जिज्ञासा एवं मन्तव्य व्यक्त गर्नुभएको थियो :

१. श्री गणेश भुर्तेल
२. श्री नविन श्रेष्ठ
३. श्री राजन बाबु पन्त

माथि उल्लेखित महानुभावहरुले बिशेष साधारण सभामा संचालक र व्यवस्थापन तथा कम्पनीलाई धन्यवाद दिनु भयो र कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । त्यस पछि संचालक समितिद्धारा प्रस्तुत गरिएको नियमावलीको नियम संसोधन माथि आफ्नो धारणा राख्दै कम्पनी संचालन गर्न अझ प्रभावकारी कार्यक्रमहरु संचालन गर्नु पर्ने र लगानीकर्ताहरु लाई वढि भन्दा वढि प्रतिफल दिन अझ विशेष ध्यान दिनु पर्ने देखिएको छ र कम्पनीको उद्देश्य प्राप्त गर्न अझ सशक्त किसिमले अगाडी वढ्नु पर्ने आवश्यकता औंल्याउदै कम्पनीलाई आफ्नो तर्फवाट दिनु पर्ने सुझाबहरु प्रस्तुत गर्नु भयो ।

**१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ**

अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ दिनु भयो र प्राप्त सल्लाह सुझावहरु कम्पनी संचालनको मुख्य आधार रहेकोले विचार व्यक्त गर्नु भयो साथै आगामी दिनमा यस्ता सुझावहरुको क्रमश: कार्यन्वयन गर्दै लैजाने कुरामा सबै शेयरधनीहरुलाई विश्वास दिलाउनु भयो ।

कालिका पावर कम्पनी लि. KALIKA POWER COMPANY LTD.

१३. **सभाको निर्णय**

१. विशेष प्रस्ताव सम्वन्धि छलफल तथा निर्णयहरु:

क. विशेष प्रस्ताव:

१. कम्पनीको नियमावलीको नियम २७ (२) संसोधन गर्ने ।

२. अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३. विविध ।

निर्णय नं. १.

यस कम्पनीलाई नेपाल धितोपत्र बोर्ड, नि.व्य.वि.संस्थागत वित्त २०७४।०७५ च.नं. ८५१, मिति २०७४।०९।२१ मा विवरणपत्र प्रकाशनका लागि दिइएको स्वीकृतिपत्रको **शर्त नं. ३.**यस विवरण पत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्रि वितरण गरेको शेयर सर्वसाधारणहरुलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएसम्म बिक्रि वितरण गर्न पाईने छैन । **शर्त नं. ४.**सर्वसाधारणलाई सार्वजनिक निष्काशन गर्न छुभ्याईएको शेयर जारी गरि धितोपत्र बजारमा सूचिकरण नगराएसम्म यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई जारी गरिएको शेयर सुचिकरण तथा हस्तान्तरण गर्न पाईने छैन भनी तोकेकोमा हाल सो समयावधि समाप्त भएको र संस्थापक शेयरधनी समुह क, सर्वसाधारण शेयरधनी समुह ख भनी संचालक नियुक्ति गर्नू पर्ने अवस्थालाई संसोधन गरी सम्पुर्ण शेयर सर्वसाधारण शेयरमा परिवर्तन गरी संचालक समिति गठन गर्न उपयुक्त देखीएकोले सोही बमोजिम उक्त स्वीकृति नियमावलीको नियम २७(२) संसोधन गर्ने सम्वन्धमा आज बसेको सभामा विस्तृत रुपमा छलफल गरी पारीत गरीयो ।

निर्णय नं.२.

प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संसोधनका सम्वन्धमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव उपर छलफल गरी पारीत गरीयो ।

| साविकको ब्यवस्था | हालको थप संशोधन | संशोधनको कारण |
|---|---|---|
| प्रवन्धपत्रको दफा ६ (ग) यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ । संस्थापक शेयरधनीको समुहबाट समुह क बाट ५ जना, सर्वसाधारण शेयरधनीको तर्फबाट समुह ख बाट १ जना विशेषज्ञ १ जना हुनेछन । | प्रवन्धपत्रको दफा ६ (ग) यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ । जसमा १ जना महिला र १ जना विशेषज्ञ हुनेछन । | नेपाल धितोपत्र बोर्ड, नि.व्य.वि.संस्थागत वित्त २०७४।०७५ च.नं. ८५१, मिति २०७४।०९।२१ मा विवरणपत्र प्रकाशनका लागि दिइएको स्वीकृतिपत्रको<br><br>शर्त नं. ३.यस विवरण पत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्रि वितरण गरेको शेयर सर्वसाधारणहरुलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएसम्म बिक्रि वितरण गर्न पाईने छैन ।<br><br>शर्त नं. ४.सर्वसाधारणलाई सार्वजनिक निष्काशन गर्न छुभ्याईएको शेयर जारी गरि धितोपत्र बजारमा सूचिकरण नगराएसम्म यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई जारी गरिएको शेयर सुचिकरण तथा हस्तान्तरण गर्न पाईने छैन भनी तोकेकोमा हाल सो समयावधि समाप्त भएकोले संस्थापक शेयरधनी तथा सर्वसाधारण शेयरधनि भनि छुभाउन आवस्यक नदेखिएकोले उक्त स्वीकृति नियमावलीको नियम २७(३) संसोधन गरीएको हो । |

कालिका पावर कम्पनी लि. KALIKA POWER COMPANY LTD.

(आजेको यस बिशेष साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

३. **विविधः**

१. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिबले प्रमाणीत गर्ने खसर्वसम्मतिबाट निर्णय पारित भयो ।

**१४. धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्युले कम्पनीका संस्थापक शेयरधनी/ सर्वसाधारण शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहांहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा बिशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**१५. सभा विसर्जन**

तत्पश्चात् कम्पनीका अध्यक्ष तथा संचालक समितिको सदस्य पार्वती पाण्डेज्यूले सभा सञ्चालन गर्न सभामा उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिनको २:०० बजे सभा विसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| ........................ | कालिका पावर कम्पनी लि. KALIKA POWER COMPANY LTD. | ........................ |
| **कम्पनी सचिव** | | **अध्यक्ष** |

# तीन महले विवरण

| साविकको व्यबस्था | हालको थप संशोधन | संशोधनको कारण |
|---|---|---|
| प्रवन्धपत्रको दफा ६ (ग) यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ । संस्थापक शेयरधनीको समुहबाट समुह क बाट ५ जना, सर्वसाधारण शेयरधनीको तर्फबाट समुह ख बाट १ जना विशेषज्ञ १ जना हुनेछन । | प्रवन्धपत्रको दफा ६ (ग) यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ । जसमा १ जना महिला र १ जना विशेषज्ञ हुनेछन । | नेपाल धितोपत्र बोर्ड, नि.व्य.वि.संस्थागत वित्त २०७४।०७५ च.नं. ८५१, मिति २०७४।०९।२१ मा विवरणपत्र प्रकाशनका लागि दिइएको स्वीकृतिपत्रको<br><br>शर्त नं. ३.यस विवरण पत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्रि वितरण गरेको शेयर सर्वसाधारणहरुलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएसम्म बिक्रि वितरण गर्न पाईने छैन ।<br><br>शर्त नं. ४.सर्वसाधारणलाई सार्वजनिक निष्काशन गर्न छुभ्याईएको शेयर जारी गरि धितोपत्र बजारमा सूचिकरण नगराएसम्म यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई जारी गरिएको शेयर सुचिकरण तथा हस्तान्तरण गर्न पाईने छैन भनी तोकेकोमा हाल सो समयावधि समाप्त भएकोले संस्थापक शेयरधनी तथा सर्वसाधारण शेयरधनि भनि छुभ्याउन आवस्यक नदेखिएकोले उक्त स्वीकृति नियमावलीको नियम २७(३) संसोधन गरीएको हो । |

कालिका पावर कम्पनी लि.
KALIKA POWER COMPANY LTD.

कम्पनी ऐन, २०६३ अन्तर्गत संन्चालीत

**(शेयरहरुमा सिमित दायित्व भएको)**

कालिका पावर कम्पनी लि.

**नियमावली**

**को**

नियम २७ (२) मा भएको थप संसोधन

नियमावलीको नियम २७(२) यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ । जसमा १ जना महिला र १ जना विशेषज्ञ हुनेछन ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संन्चालीत

**(शेयरहरुमा सिमित दायित्व भएको)**

कालिका पावर कम्पनी लि.

**नियमावली**

**को**

नियम २७ (२) मा भएको थप संसोधन

नियमावलीको नियम २७(२) यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ । जसमा १ जना महिला र १ जना विशेषज्ञ हुनेछन ।